# जेष्ठ नागरिक एकल पुरुष सम्मान

# (कार्यक्रम कार्यान्वयन) कार्यविधि-२०७८

छथर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम ।

*प्रमाणिकरण मिति : २०७८/१०/२४*

**प्रस्तावना** : नेपाल सरकारले तय गरेको सामाजिक सुरक्षा कार्यक्रमलाई सहयोग गर्दै स्थानीय तहबाट थप प्रभावकारी कार्यन्वयन गर्न विपन्न र असहाय जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा कार्यक्रमको दायरामा ल्याउन एकल अवस्थामा रहेका, अति विपन्न र आफ्नो हेरचाह आफैं गर्न नसक्ने जेष्ठ नागरिकहरुका लागि सम्मान कार्यक्रम कार्यान्वन गर्न **जेष्ठ नागरिक एकल पुरुष सम्मान (कार्यक्रम कार्यान्वयन) कार्यविधि-२०७८** निर्माण गर्न वाञ्छनीय भएकाले छथर गाउँकार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : क) यस कार्यविधिको नाम **जेष्ठ नागरिक एकल पुरुष सम्मान (कार्यक्रम कार्यान्वयन) कार्यविधि-२०७८** रहेको छ ।

ख) यो कार्यविधि छथर गाउँकार्यपालिकाले पारित गरेपछि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) **कार्यक्रम** भन्नाले जेष्ठ नागरिक एकल पुरुष सम्मान कार्यक्रम सम्झनु पर्दछ ।

ख) **जेष्ठ नागरिक** भन्नाले छथर गाउँपालिका भित्र बसोवास गर्ने ६० बर्ष उमेर पुरा भई "जेष्ठ नागरिक परिचयपत्र" प्राप्त गरेका नागरिकहरुलाई सम्झनुपर्छ ।

ग) **कार्यविधि** भन्नाले जेष्ठ नागरिक एकल पुरुष सम्मान (कार्यक्रम कार्यान्वयन) कार्यविधि-२०७८ सम्झनु पर्छ ।

घ) **गाउँपालिका** भन्नाले छथर गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

ङ) **वडा** भन्नाले यो छथर गाउँपालिका अन्तरगतका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्छ ।

च) **लाभग्राही** भन्नाले यो कार्यविधि बमोजिम सम्मान प्राप्त गर्ने योग्य जेष्ठ नागरिक सम्झनु पर्छ ।

छ) **शाखा** भन्नाले गाउँपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा सम्झनु पर्छ ।

ज) **शाखा प्रमुख** भन्नाले गाउँपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाको प्रमुख सम्झनु पर्छ ।

झ) **कार्यालय प्रमुख** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

सन्तबीर लिम्बु
अध्यक्ष

## परिच्छेद २

### उद्देश्य तथा कार्यक्रम संचालन प्रक्रिया

**३ कार्यक्रमको उद्देश्य** : जेष्ठ नागरिक एकल पुरुष सम्मान (कार्यक्रम कार्यान्वयन) कार्यविधि-२०७८ बमोजिम सञ्चालन हुने यो कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ :

क) गाउँपालिका भित्रका अति विपन्न, आफ्नो हेरचाह आफै गर्न नसक्ने, जेष्ठ नागरिक एकल पुरुषहरुका लागि प्रत्यक्ष सामाजिक सुरक्षण गर्ने,

ख) सामाजिक क्षेत्रमा जेष्ठ नागरिकहरुले योगदान हरुको कदर तथा स्मरण गर्दै सम्मान गर्ने ।

**४. कार्यक्रम संचालन : कार्यक्रम संचालन सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ**

क) गाउँपालिकाले लाभग्राही छनौट गर्न वडा कार्यालयलाई यो कार्यविधि र सूचना समेत संलग्न राखि पत्राचार गर्नुपर्ने छ ।

ख) खण्ड क) बमोजिमको पत्र प्राप्त भएपछि वडाले आफ्नो क्षेत्र भित्र रहेका योग्य लाभग्राहीहरुको तोकिएको ढाचाँमा निवेदन संकलन गर्नुपर्नेछ ।

ग) खण्ड (ख) बमोजिम प्राप्त हुन आएका निवेदन उपर छानविन गरी वडा अध्यक्ष द्वारा प्रमाणित गराई संकलित निवेदन साथ संलग्न कागजात सहित सूची तयार गरी वडाले गाउँपालिकाको शाखामा पठाउनुपर्ने छ ।

घ) शाखामा प्राप्त हुन आएका सूचीहरुको आधारमा शाखा प्रमुखले अन्तिम रुप दिई सम्मानका लागि कार्यालय प्रमुख समक्ष पेश गर्ने छ ।

ङ) यो कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारको सामाजिक सुरक्षा भत्ता कार्यक्रमबाट लाभ लिईरहेका लाभग्राही हरु समावेस गरिने छैन ।

**५. लक्षित लाभग्राही समुह** : यस कार्यक्रममा लाभग्राही छनौट गर्दा देहायका आधारहरु लिनुपर्नेछ :-

क) गाउँपालिका भित्र स्थायी रुपमा बसोवास गरेको हुनुपर्ने,

ख) ६० वर्ष पुरा भई गाउँपालिका बाट जेष्ठ नागरिक परिचयपत्र प्राप्त गरेको हुनुपर्ने,

ग) कुनै पनि कारणले विवाह नगरी बसेका वा श्रीमतीको मृत्यू भई अर्को विवाह नगरेका वा सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरी बसेका एकल पुरुष हुनुपर्ने,

घ) परिवारमा एकल बसोवास गरिरहेको वा परिवारका सदस्यहरुले निजको हेरचाह गर्न नसक्ने अवस्थामा रहेको वा त्यस्तो परिवारका सदस्यको कुल वार्षिक आय अति न्यन भई अति विपन्न अवस्थामा रहेको हुनुपर्ने,

**६. निवेदन दिनुपर्ने** : योग्य लाभग्राहीहरुले सम्बन्धित वडामा तोकिएको ढाँचामा आवश्यक कागजात सहित निवेदन दिनुपर्ने छ ।

**७ निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु** : लाभग्राहीले निवेदन साथ देहायका कागजातहरुको छायाँप्रति संलग्न गर्नुपर्ने छ ।

क) नेपाली नागरिकताको प्रमाणपत्र,

ख) नागरिकताको स्थायी ठेगाना फरक पर्ने देखिएका बसाईसराई दर्ताको प्रमाण पत्र,

ग) विवाह नगरी बसेको वा श्रीमतीको मृत्यू भई अर्को विवाह नगरेको वा सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरी बसेको एकल पुरुष भएको र परिवारमा एकल बसोवास गरिरहेको वा परिवारका सदस्यहरुले निजको हेरचाह गर्न नसक्ने अवस्थामा रहेको वा त्यस्तो परिवारका सदस्यको कुल वार्षिक आय अति न्युन भई अति विपन्न अवस्थामा रहेको भनी तोकिए बमोजिमको स्वघोषणा फारम,

घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ थान

**८. लाभग्राहीहरुको अभिलेखिकरण** : प्रत्येक वडा कार्यालयहरुमा यो कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुको अभिलेख अनुसुची-३ को ढाँचामा मुल अभिलेख तयार गरी राख्नुपर्नेछ ।

## परिच्छेद -३

## बजेट स्रोत र खर्च

**९. कार्यक्रम सञ्चालन स्रोत र खर्च** : १) प्रत्येक वडाबाट निवेदन संकलन भई आएका लाभग्राहीहरुको सम्मान कार्यक्रमको सीमा छथर गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रमको परिधिभित्र रही गरिएको वजेट बाँडफाडको आधारमा हुनेछ ।

२) निवेदन स्वीकृत भएका लाभग्राहीहरुले गाउँकार्यपालिकाले तोके वमोजिमको सम्मान का साथ पोषण तथा औषधीउपचारका लागि नगद बार्षिक रुपले बर्षको एक पटक प्राप्त गर्नेछन् ।

**१०. प्रतिवेदन पेश गर्नुपर्ने** : यो कार्यविधि बमोजिम सञ्चालन गरिएको कार्यक्रमको बार्षिक प्रगति विवरण तयार गरि वडा कार्यालयले शाखालाई र शाखाले एकमुष्ठ तयार गरि कार्यालय प्रमुख मार्फत गाउँकार्यपालिकामा बुझाउनु पर्नेछ ।

**११. अनुगमन तथा मूल्याङ्कन:** कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि वडा कार्यालय तथा गाउँकार्यपालिका कार्यालयले अनुगमन गर्न सक्नेछ ।

**१२. प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची - १

दफा ६ सँग सम्बन्धित

निवेदनको ढाँचा

श्री वडा नं. ............ कार्यालय,

छथर गाउँपालिका, तेह्रथुम ।

विषय : आवेदन सम्बन्धमा ।

महोदय,

म छथर गाउँपालिका वडा नं. ........ बस्ने .............................................. को नाती .............................................. को छोरा .............................................. यस गाउँपालिकाको जेष्ठ नागरिक एकल पुरुष सम्मान (कार्यक्रम कार्यान्वयन) कार्यविधि-२०७८ बमोजिम योग्य ठहर गर्दै आवस्यक कागजात समेत यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

| संलग्न गरेका कागजात प्रतिलिपीहरु : (भएकोमा रेजा लगाउने) | निवेदकको : |
|---|---|
| ○ नेपाली नागरिकता | दस्तखत : |
| ○ बसाई सराईको प्रमाणपत्र | नाम,थर : |
| ○ स्वघोषणा फारम | सम्पर्क नं. : |
| ○ जेष्ठ नागरिक परिचयपत्र | बैंक खाता नं. : |
| ○ पासपोर्ट साइजको फोटो २ प्रति | |

सन्तबीर लिम्बू
अध्यक्ष

## अनुसूची - २

### दफा ७ को उपदफा (ग) सँग सम्बन्धित

### स्वघोषणाको फारम

म छथर गाउँपालिका वडा नं. ........ बस्ने ................................................ को नाती ................................................ को छोरा ................................................ यस गाउँपालिकाको जेष्ठ नागरिक एकल पुरुष सम्मान (कार्यक्रम कार्यान्वयन) कार्यविधि-२०७८ बमोजिम योग्य ठहर गर्दै उक्त कार्यविधि बमोजिम मैले हालसम्म विवाह नगरी बसेको / मेरी श्रीमतीको मृत्यू भईसकेको र हालसम्म अर्को विवाह नगरेको / मैले मेरी श्रीमतीसँग सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरी बसेको कारण म एकल पुरुष भएको साथै हाल म एकल बसोवास गरिरहेको / मेरा परिवारका सदस्यहरुले मेरो हेरचाह गर्न नसक्ने अवस्थामा रहेको / मेरो परिवारका सदस्यको कुल वार्षिक आय अति न्युन भई अति विपन्न अवस्थामा रहेको भनी यो स्वघोषणा फारम भरी बुझाएको छु।

विवरण ठीक साँचो हो, झुठा ठहरे प्रचलित कानुन बमोजिम सहुँला/बुझउँला।

| दायाँ | बायाँ |
|---|---|
| | |

**निवेदकको :**

**दस्तखत :**

**नाम,थर :**

**सम्पर्क नं. :**

## अनुसूची - ३

### दफा ८ सँग सम्बन्धित

### लाभग्राहीहरुको मुल अभिलेख पुस्तीका

| क्र.सं. | लाभग्राहीको नाम थर | बुबाको नाम | आमाको नाम | बाजेको नाम | स्थायी ठेगाना | जन्ममिति | सम्पर्क नं. | बैंक खाता नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |